रैनादेवी छहरा गाउँपालिकाको गाउँसभाको १४औं अधिवेशनमा
अध्यक्ष श्री रुक्माङ्गत भट्टराईज्यूद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

रैनादेवी छहरा गाउँपालिका
२०८० साल असार १० गते

## गाउँसभाका सदस्यज्यूहरू,

## आमन्त्रित प्रमुख अतिथि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीहरू, बुद्धिजीवी, पत्रकार तथा सम्पूर्ण कर्मचारीज्यूहरू

यस गरीमामय सभामा यस रैनादेवी छहरा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा यस रैनादेवी छहरा गाउँपालिकालाई विभिन्न माध्यम मार्फत रचनात्मक सुझाव दिनु हुने सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरू लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहना तथा हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरू प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

यस रैनादेवी छहरा गाउँपालिकालाई यहाँ उपलब्ध हुने विविध स्रोत साधनको महत्तम उपयोग गर्दै स्थानीय स्रोत तथा सिपलाई स्वरोजगारसँग जोड्दै सरोकारवाला सबैसँग सहकार्य गर्दै यस गाउँपालिकालाई समृद्ध रैनादेवी छहराको रूपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनाबद्ध स्थानीय उत्पादनलाई प्रवर्धन गर्दै स्थानीयको आर्थिक समृद्धि कायम गर्ने यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरूको रूपमा लिइएको छ।

### विद्यमान अवसरहरू:

- प्राकृतिक स्रोत तथा साधनले भरिपूर्ण ।
- तेजपात, अम्लिसो तथा अदुवा जस्ता नगदे बालीको प्रचुर उत्पादनको सम्भाव्यता ।
- सुन्तला तथा तरकारी उत्पादनको उर्वर भूमी ।
- चुनढुंगाको खानी ।

- वन तथा वन पैदावरको यथेष्ट उपलब्धता ।
- मगर लगायत अन्य विविध जातजातिको कला तथा संस्कृतिमा धनी ।
- विभिन्न ऐतिहासिक तथा धार्मिक सम्पदाहरू तथा पर्यटकीय स्थलहरूको उपलब्धता ।
- सबै स्थानमा सहज सडक पहुँचको अवस्था ।
- लघु तथा साना जलविद्युतको सम्भाव्यता ।
- सक्षम कर्मचारी संयन्त्र तथा जिम्मेवार तथा जवाफदेही जनप्रतिनिधिहरू ।

## विद्यमान चुनौतीहरू:

- सामाजिक सचेतना तथा समावेशीकरण मार्फत सबैको मूलप्रवाहीकरण गर्नु ।
- उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगार सिर्जना मार्फत आर्थिक सबलीकरण गर्नु ।
- कृषि तथा फलफुल क्षेत्रलाई व्यवसायीकरण तथा विविधीकरण गरी बजार सुनिश्चित गर्नु ।
- सांस्कृतिक तथा धार्मिक धरोहरहरूलाई संवर्धन गर्दै पर्यटन विकास गर्ने ।
- वन क्षेत्रको संरक्षण गर्दै पर्यापर्यटन तथा आर्थिक पाटोसँग तादाम्यता मिलाउनु ।
- रोजगारउन्मुख प्रविधियुक्त सीपमूलक शिक्षाको विकास गर्नु ।
- युवा जनशक्तिलाई सिपमूलक तालिम उपलब्ध गराई स्वरोजगार मार्फत पलायन हुन बाट रोक्नु ।
- भौतिक पूर्वाधारहरूको उचित उपयोग, संरक्षण तथा दिगोपना कायम गर्नु ।
- सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफलता हासिल गरी आन्तरिक आयलाई फराकिलो बनाउनु ।

## दिर्घकालिन सोचः

स्थानीय स्रोत साधनको अधिकतम परिचालन मार्फत सरोकारवालाहरूसँग परस्परमा समन्वय र सहकार्य गर्दै स्वरोजगार सिर्जना गर्दै गुणस्तरिय तथा दिगो आर्थिक र सामाजिक विकासको माध्यमद्धारा रैनादेवी छहरा गाउँपालिकावासीको जीवनस्तर सुधार, आर्थिक समृद्धि गर्दै आत्मनिर्भर तथा सक्रिय पूँजी निर्माण गर्दै वि.स. २०८५ सम्म विकासशील गाउँपालिकामा स्तरोन्नती गर्ने ।

## योजना तर्जुमाका आधारहरु:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुम दिग्दर्शन, २०७८
- संघ तथा प्रदेशका आवधिक योजना तथा कार्यक्रम

- दिगो विकासका लक्ष्यहरू
- संघ प्रदेश तथा स्थानीय तहले जारी गरेका नीति नियम तथा मापदण्डहरू
- स्थानीय सरकारका लक्ष्य तथा प्राथमिकताहरू

## प्राथमिकताका क्षेत्रहरूः

- निर्वाहमुखी कृषि तथा पशु विकास क्षेत्रमा व्यवसायीकरण ।
- सहज, सर्वसुलभ तथा रोजगारमूलक गुणस्तरीय शिक्षा तथा स्वास्थ्य ।
- स्थानीय जातजातिको कला, भाषा र संस्कृतिको संरक्षण, संवर्धन तथा पुस्तान्तरण ।
- स्थानीय स्रोत साधनको अधिकतम परिचालन मार्फत जीवनस्तरमा सुधार तथा गरिबी न्यूनीकरण ।
- लक्षित तथा पिछडिएको वर्गको जीवनस्तरमा सुधार ।
- दिगो विकास, जैविक विविधता तथा वातावरण संरक्षण ।

**गाउँसभाका सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरू ,**

अब म आ.व. २०८०/८१ को रैनादेवी छहरा गाउँपालिकाको समग्र क्षेत्रगत विकासको नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकासः

### क. शिक्षा

- विद्यालय क्षेत्रको पठन पाठनमा विशेष रूपमा नैतिक, प्राविधिक तथा स्थानीय पाठ्यक्रमलाई जोड दिइनेछ ।
- सामुदायिक विद्यालयबाट माध्यमिक तह उत्तिर्ण गरेका गरीब तथा जेहेन्दार विद्यार्थीका लागि प्राविधिक धार तर्फका विषय छात्रवृति प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँ शिक्षा ऐन अन्तर्गत रहि आवश्यक कार्यविधि तयार गरी आवश्यकता तथा औचित्यताका आधारमा विद्यालय समायोजन, एकीकरण तथा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- शिक्षक दरबन्दी मिलान गर्दा पनि सञ्चालित कक्षा, शिक्षक विद्यार्थी अनुपात बिच तालमेल नहुने अवस्था सिर्जना भएमा अनुदानको व्यवस्था गरिनेछ ।
- शिक्षामा पहुँच, टिकाउ र गुणस्तर सुधारको सुनिश्चितता गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित रूपमा लागू गरिनेछ ।आवश्यकताका आधारमा विद्यालयका छात्राहरूलाई स्यानिटरी प्याडको व्यवस्थापन सुनिश्चित गरिनेछ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरूलाई तालिम, अभिभावक शिक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- विद्यालयको अनुगमन तथा निरिक्षण र यसको आधारमा दण्ड पुरस्कार प्रणाली अवलम्बन गरिनेछ ।
- शिक्षकहरूको सर्वपक्षिय क्षमता विकासको लागि नमुना विद्यालय अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- विद्यालयमा पठन पाठनमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा जोड दिइनेछ ।
- विद्यालयमा भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्दै भुईँ-बसाइलाई व्यवस्थापन गरिनेछ ।
- बिषयगत, कक्षागत तथा तहगत सिकाई उपलब्धि सुधार गर्न जोड दिइनेछ ।
- उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई उचित सम्मान तथा प्रोत्साहन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दै क्रमशः पाठ्यपुस्तक तयार गरी पठनपाठनको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बिहानी प्रार्थनामा पि.टी. परेड गराउने व्यवस्था मिलाइनेछ। साथै विद्यालय नर्स कार्यक्रमलाई व्यवस्थित तथा विस्तार गर्दै लागिनेछ।
- विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरूका लागि क्षमता विकाससँगै विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरूको चौतर्फी विकासको लागि हप्ताको एक दिन "बुक फ्रि डे" गरी अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था गरिनेछ।
- विद्यालयमा अध्ययनरत कक्षा ८ देखि माथिका छात्राहरूलाई आत्मरक्षा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

## ख. स्वास्थ्य

- स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित हुने गरी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक सेवालाई व्यवस्थित गर्दै लगिनेछ ।
- उपलब्ध बर्थिङ सेन्टरहरूलाई थप व्यवस्थित गर्दै लगिनेछ र आवश्यकताका आधारमा बर्थिङ सेन्टर स्थापना गर्न जोड दिइनेछ।
- छहरा स्वास्थ्य चौकीमा २४ सै घण्टा आकस्मिक सेवाको प्रबन्ध मिलाइनेछ ।
- यस गाउँपालिकालाई शून्य होम डेलिभरी तथा पूर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- १५ शैयाको आधारभूत अस्पतालको निर्माण कार्य अगाडि बढाइनेछ।
- एकीकृत रूपमा निशुल्क घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको लागि नियमित मासिक रूपमा बाह्य खोप केन्द्र र गाउँघर क्लिनिकलाई थप व्यवस्थित तथा विस्तार गरिनेछ ।
- ज्येष्ठ नागरिक तथा पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिहरू (क वर्ग)लाई घरमै उपचारको व्यवस्था मिलाइनेछ ।

- दीर्घ रोगीहरू विशेष गरी उच्च रक्तचाप तथा मधुमेहका बिरामीहरूको लागि आधारभूत औषधी निशुल्क वितरणको व्यवस्था मिलाइनेछ।
- एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै लगिनेछ।
- अन्य निकायसँग समन्वय गरी आवश्यक शिविर तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- आर्युवेदिक चिकित्सा प्रणाली सम्बन्धी सचेतना तथा योग कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्दै क्षमता अभिवृद्धि तथा कार्यसम्पादनमा प्रोत्साहन गरिनेछ।
- पोषणका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- गर्भवती महिला लक्षित पोर्टेबल अल्ट्रासाउन्ड मेसिन तथा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

## ग. खानेपानी तथा सरसफाइः

- स्वच्छ र सहज खानेपानीको सुनिश्चितताको लागि "एक घर एक धारा" निर्माण अभियान चलाइनेछ ।
- लिफ्टिङ खानेपानी आयोजनालाई कार्यविधि बनाई मर्मत सम्भारमा समुदायलाई जिम्मेवार बनाउँदै थप व्यवस्थित गरिनेछ ।
- खानेपानीका मुहान संरक्षण तथा संवर्धनका लागि आवश्यक कार्यविधि तयार गरिनेछ ।
- वास(WASH) योजनालाई पूर्णता दिने गरी अगाडि बढाइनेछ ।
- फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ । तिव्र रूपमा शहरीकरण भएका स्थानमा फोहरमैला व्यवस्थापनका लागि ल्यान्ड फिल साइट लगायतका कार्यहरूको प्रबन्ध मिलाइनेछ ।

## घ. युवा तथा खेलकुदः

- खेलकुदको विकास गर्न विभिन्न स्थानहरूमा रहेका खेलकुद मैदानलाई व्यवस्थित गराउँदै कटौजे पानी खेल मैदानलाई थप व्यवस्थित तथा मर्मत सम्भार गरिनेछ।
- अध्यक्ष कप तथा राष्ट्रप्रति रनिङ शिल्ड प्रतियोगितालाई पालिकाको खेल महोत्सवको रूपमा अगाडि बढाइनेछ ।
- "सिप सिकौं स्वरोजगार बनौं" अभियानलाई अगाडि बढाइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ।

- युवा उद्यमशिलता विकासका कार्यक्रमहरू मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख सिपमूलक तालिममा आबद्ध गराइनेछ।
- विपन्न, गरीब र सुकुम्वासी परिवारका युवाहरूलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, व्यवसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरू प्रदान गरी गरिबी न्यूनीकरण र जीविकोपार्जनमा सहजीकरण गरिनेछ।
- गाउँपालिका स्तरीय खेलकुद विकास समितिको स्थापना गरी खेल क्षेत्रलाई प्रवर्धन गरिनेछ ।
- प्रत्येक वडामा आवश्यकता तथा औचित्यताका आधारमा खेल मैदान निर्माण गरिनेछ ।

## ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरणः

- महिलाहरूको सिप, क्षमता तथा नेतृत्व विकास एवं सशक्तीकरण गर्दै हरेक योजनाको कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता गरिनेछ ।
- किशोरी लक्षित सामाजिक सचेतना तथा दुर्व्यवहार विरूद्ध सचेतनामूलक तथा बालविवाह विरूद्धका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अभिभावकविहीन बेसहारा बालबालिकाको आधारभूत आवश्यकता परिपूर्तिको व्यवस्था मिलाइनेछ ।
- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, दलित, अल्पसङ्ख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि सचेतनामूलक उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रूपमा अपनाई आएका परम्परागत पेशालाई समयानुकुल परिमार्जन गरी व्यावसायिक उद्यमको रूपमा विकास गर्दै गौरवपूर्ण पेशा बनाउन पहल गरिनेछ।
- घरेलु एवं सामाजिक हिंसा विरूद्ध  र संविधान प्रदत्त मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।
- ज्येष्ठ नागरिकको सहज जिवनयापनको लागि बिश्राम गृहको प्रबन्ध मिलाइनेछ ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्धित व्यावसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गर्भवती महिलाहरूको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजम विद्यमान रहेका कुप्रथा तथा सबै प्रकारका हिंसा विरूद्ध सचेतनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### च. संस्कृति प्रवर्द्धनः

- स्थानीय जात जातिहरूको लोक कला, संस्कृती, भेषभुषा तथा सम्पदालाई जर्गेना तथा संवर्धन गरिनेछ ।
- धार्मिक ऐतिहासिक महत्व बोकेका रैनादेवी मन्दिर, कालिका मन्दिर, मच्छेन्द्रादेवी मन्दिर, झेरूङ्गागढी, बल्ढेङ्गगढी लगायतका मठ मन्दिरलाई संरक्षण तथा संवर्धन गर्दै धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गरिनेछ ।
- स्थानीय स्तरमा रहेका ठूलो नाच, मारूनी नाच, सोरठी नाच, भजन तथा पञ्चेबाजा लगायतको संरक्षण तथा संवर्धनको लागि प्रतियोगिता आयोजना गरिनेछ ।
- विभिन्न जात जातिको ऐतिहासिक तथा सांस्कृतिक महत्वको झल्को दिने गरी संग्राहलयको निर्माण गर्ने प्रबन्ध मिलाइनेछ ।

## २. आर्थिक विकासः

### क. कृषि तथा पशुपंक्षी

- कृषि क्षेत्रको विकासको लागि सामूहिक व्यावसायिक खेती प्रणालीमा प्रोत्साहन गर्दै कृषि पकेट क्षेत्र तथा जोन निर्धारण गरी चक्लाबन्दी अवधारणको साथमा कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण र विविधीकरण गरिनेछ ।
- रैथाने बालीहरूको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि प्रबन्ध मिलाइनेछ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरूको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, सिमेन्ट पोखरी, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरूको पूर्वाधार निर्माण गरिनेछ।
- तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम सञ्चालन गरी प्रोत्साहन गरिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- कृषि तथा पशुपालनको क्षेत्रमा उत्पादनको आधारमा अनुगमन गरी अनुदान उपलब्ध गराउने नीति अगाडि बढाइनेछ ।
- सुन्तला जात फलफूल, लोकल कुखुरा, बाख्रा पालन, मौरी पालन, बंगुर पालन, तेजपात तथा अदुवा लगायतका अन्तर्गत भौगिलिक अनुकुलतका अनुरूपका कृषि तथा पशु कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- कृषि तथा पशुपालनमा विपद्का कारण आइपर्ने क्षतिका निम्ति राहत कोषको प्रबन्ध मिलाइनेछ ।
- भूमी अनुरूपको भू उपयोगिता कायम गर्नको लागि माटो परिक्षण तथा किसान सूचीकरण कार्य तथा उन्नत जातको घाँसको बिउको उत्पादनको प्रबन्ध मिलाइनेछ ।
- रैनादेवी छहरा गाउँपालिकालाई मासु, अण्डा, दुध तथा तरकारीमा आत्मनिर्भर बनाउन आवश्यक पहल गरिनेछ ।
- कृषि यान्त्रिकीकरणमा पचास प्रतिशत तथा कृषिजन्य उत्पादित वस्तुको सामग्रीमा पचहत्तर प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषि एम्बुलेन्सको प्रबन्ध मिलाइनेछ ।
- कृषि तथा पशुपालनको क्षेत्रमा दातृ निकायसँगको साझेदारीमा जि टु जि कार्यक्रम अगाडि बढाउन आवश्यक समन्वय तथ पहल गरिनेछ।
- प्राङ्गारीक मलमा प्रोत्साहन गर्दै बालीहरूमा वन्यजन्तुद्वारा हुने विध्वंशको समाधान गर्ने सम्बन्धमा सम्बन्धित निकायहरूसँग आवश्यक पहल गरिनेछ ।

## ख. सहकारी तथा वित्तिय क्षेत्रः

- सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्धन गर्दै निक्षेपकर्ताहरूको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- सहकारीहरूको माध्यमबाट कृषि तथा पशु सम्बन्धी उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरूको पूँजि सङ्कलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई अगाडि दिइनेछ।
- सहकारी संघ संस्थालाई कोपोमिस (COPOMIS) प्रणालीमा आवद्ध गरी लेखा व्यवस्थापनलाई प्रभावकारी रूपमा नियमन गरिनेछ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र रहेका "घ" वर्गका लघुवित्त संस्थाहरूको सुशासनको पाटोबारे नियमन गरिनेछ ।

## ग. उद्योग तथा पर्यटनः

- परम्परागत रूपमा स्थानीय स्तरमा सञ्चालनमा रहेका आरन, सिलाई कटाइ, जुत्ता सिलाई, डोको नाम्लो बुनाइ लगायतका व्यावसायलाई प्रवर्धन गर्दै व्यावसायीकरण गर्ने प्रबन्ध मिलाइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुने अकबरे खुर्सानी, तेजपात, टिमुर, बेसार लगायतका उत्पादनलाई तालिम सञ्चालन गरी व्यावसायीकरणको प्रबन्ध मिलाइनेछ।

- जिल्ला घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- औद्योगिक ग्राम पूर्वाधार निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सको व्यावसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरूको पहिचान, सहज पहुँच, पूर्वाधार विस्तार र विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरूको प्रवर्धन गरिनेछ।
- मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारहरूमा अन्तरपालिका समन्वय गरी पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न जानकारी युक्त वोर्ड राखिनेछ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू (मन्दिर, गढी, दहपोखरी, झरना, देवालय आदि)को पहिचान, संरक्षण एवं विकास गर्दै प्रचार प्रसारका लागि डिजिटल भिलेज प्रोफाइलको कार्य अगाडि बढाइनेछ ।
- गाउँपालिकामा पर्यटन प्रवर्धन गर्न ताल तलैया तथा मनोरञ्जनका रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### क. सडक, पुल तथा यातायातः

- सडकको उपयोगिता तथा प्रभावकारिताको आधारमा सडक मापदण्ड तथा योजना तयार गरी सडकहरूको वर्गीकरण गरिनेछ।
- सबै वडा कार्यालयहरूको केन्द्र सम्म सहज पहुँचको लागि आवतजावत गर्ने मुख्य बाटोलाई पिच गर्ने गरी स्तरोन्नति गरिनेछ ।
- पालिकाका गौरवका आयोजनाका रूपमा रहेका सुन्दरेढुंगा-सालझण्डी, छहरा-धजाबान्ने-ताङसिङ्गल, धजाबान्ने - ३ नं वडा कार्यालय - तालपोखरा लगायतका आयोजनाहरूको कार्यान्वयन कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- सडक लगायतका पूर्वाधार निर्माण गर्दा नालीको व्यवस्था सहित बाह्रै महिना सवारी आवतजावत हुने गुणस्तरिय टिकाउ तथा दिगो रूपमा हुने गरी योजना सञ्चालन गरिनेछ ।
- अन्तरजिल्ला जोड्ने मुख्य सडक मार्गलाई प्राथमिकतामा राखि स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल गरी मर्मत सम्भारको कार्य गरिनेछ ।
- पुराना तथा बढी प्रयोगमा आउने सडक मार्गलाई स्तरोन्नति गर्दै नयाँ ट्र्याक खोल्न निरूत्साहित गरिनेछ ।

- पालिका भित्र आवश्यक रहेका पक्की तथा झोलुंगे पुलको तथ्यांक सङ्कलन गरी निर्माण गर्नका लागि संघिय तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- पूर्वाधार विकासमा उपभोक्ता समिति तथा लाभग्राहीलाई सचेतना तथा जवाफदेहिता बोध हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस रैनादेवी छहरा गाउँपालिकामा ट्रस्ट युक्त सभाहलको निर्माण गरिनेछ ।
- आवश्यकता तथा औचित्यताका आधारमा सडक तथा पुलको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने प्रयोजनार्थ डिपिआर गर्ने व्यवस्था मिलाइनेछ ।
- पालिका भित्र सञ्चालन हुने अटो रिक्सालाई आवश्यक नियम बनाई व्यवस्थित गरिनेछ ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा आयोजनाहरूलाई सम्पन्न गर्न क्रमागत रूपमा बजेट विनियोजन गरिनेछ।
- गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

## ख. भवन, आवास तथा शहरी विकासः

- रैनादेवी छहरा गाउँपालिकाका वडा कार्यालयहरू, स्वास्थ्य तथा शैक्षिक संस्थाहरूका भवनलाई आधारभूत सेवा प्रत्याभूत गर्ने गरी निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- भवन मापदण्ड तयार गरी आवास तथा भवनलाई व्यवस्थित गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका घर तथा जग्गाहरू वर्गीकरणका आधारमा अध्ययन गरी न्यूनतम दररेट कायम गरिनेछ ।
- भू उपयोग क्षेत्र वर्गीकरणका आधारमा आवश्यक मापदण्ड तयार गरी भवन आवास तथा शहरी विकासलाई व्यवस्थित गरिनेछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रमलाई कार्यान्वयन गर्न समन्वय तथा सहजीकरण गरिनेछ।

## ग. सिँचाइ, उर्जा तथा विद्युतः

- सिँचाइको व्यवस्था नभएका खेतीयोग्य उर्वर भूमिलाई सिञ्चित गर्न आवश्यक सिँचाइ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- असौंदी, टाटिम, हरिआँप, चहला फाँट, दाँगिल, जोगदमार लगायतका क्षेत्रमा रहेको खेतीयोग्य जमिनमा सिँचाइ आयोजना निर्माण गर्नका लागि संघीय तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- लघु जलविद्युतको उत्पादनको सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ ।
- विद्युत लाईन विस्तार नभएका स्थानहरूमा विद्युत लाईन जडान गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका काठका विद्युत पोलहरू विस्थापित गरी स्टिल पोलहरूले व्यवस्थापन गरिनेछ ।

- यस गाउँपालिकाका अति आवश्यक स्थानहरूमा नवीकरणीय उर्जाको व्यवस्था हुने प्रबन्ध मिलाइनेछ ।

### घ. सूचना तथा सञ्चार प्रविधि

- यस रैनादेवी छहरा गाउँपालिका तथा वडा कार्यालयमा राजश्व सङ्कलन अनलाईन बाट कम्प्यूटर बिलिङ मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।
- यस रैनादेवी छहरा गाउँपालिकाको डिजिटल प्रोफाइल, जिआइएस नक्सा तथा रोड इन्भेन्टोरी तयार गरिनेछ ।
- वडा कार्यालय लगायतका स्थानहरूमा विद्युत ब्याकअप तथा इन्टरनेटको व्यवस्था गर्दै कम्प्यूटराइज गर्दै लगिनेछ ।
- नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।
- गाउँपालिकाका कामकारबाहीमा पारदर्शिता कायम गरी सर्वसाधारणलाई सुसूचित गर्न सञ्चार माध्यमहरूसँग समन्वय तथा साझेदारी गरिनेछ ।
- गाउँपालिकाको तर्फबाट गरिने कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन आवश्यक प्रविधिमैत्री उपकरणहरू खरिद गरिनेछ ।
- मोबाइल नेटवर्कलाई गुणस्तरीय बनाउन सम्बन्धित सेवा प्रदायक निकाय समक्ष आवश्यक पहल गरिनेछ ।
- डिजिटल साक्षरता सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

## ४. वन, वातावारण तथा विपद् व्यवस्थापनः

- सामुदायिक वनहरूको तथ्याङ्क अद्यावधिक तथा सङ्कलन वन मार्फत समृद्धि ल्याउने गरी राजस्वको पाटोलाई व्यवस्थित गरिनेछ ।
- सामदायिक वनले गर्ने आम्दानीलाई सामुदायिक वनसँग समन्वय तथा साझेदारी गर्दै डढेलो नियन्त्रण सम्बन्धी सचेतना, वृक्षारोपण, क्षमता विकास तथा सिप मूलक तालिमको क्षेत्रमा लगानी गर्दै जीवनस्तर सुधार गर्ने गरी प्रोत्साहन गरिनेछ ।
- विकास निर्माणका आयोजनाहरू सञ्चालन गर्दा प्राकृतिक संरक्षण तथा पर्यापर्यटन हुने गरी व्यवस्था मिलाइनेछ ।
- वृक्षारोपण, तटबन्धन, डढेलो तथा पहिरो नियन्त्रण एवं जलवायु अनुकुलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विपद्का सम्भावित स्थानहरूको पहिचान तथा लेखाङ्कनका साथ प्रतिकार्य तथ पुनरूत्थान योजना बनाई स्रोत साधनले सम्पन्न बनाइनेछ ।
- पालिकास्तरीय एक नर्सरी निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।
- विभिन्न समयमा आइपर्ने विविध प्रकृतिका प्रकोपहरूको व्यवस्थापन गर्ने प्रयोजनार्थ प्रकोप कोष खडा गरिनेछ ।

- विपद् जोखिम न्यूनीकरण गर्ने प्रयोजनार्थ विपद् व्यवस्थापन तथा विपद् प्रतिकार्य योजना तयार गरिनेछ ।
- वातावरण प्रतिकुल भई विपद् निम्तिने गरी कुनै पनि प्रकृतिका विकास निर्माण कार्य तथा उत्खनन गर्न रोक लगाइनेछ ।
- ठूलो आयोजना सञ्चालन तथा दिगो र वातानुकुलित विकास गर्नको लागि IEE तथा EIA प्रतिवेदन पश्चात आयोजना सञ्चालन गरिनेछ ।
- फोहोरमैलाको उत्पादन न्यूनीकरण तथा वर्गीकरण गरी पुनः प्रयोग गर्न जोड दिइनेछ।
- रैनादेवी गाउँपालिकाका मुख्य बजार क्षेत्रहरू छहरा, अमलावास, मेहलढाप लगायतका क्षेत्रमा फोहोर मैला व्यवस्थापनका लागि कार्य अगाडि बढाइनेछ ।
- गाउँपालिका तथा वडा स्तरमा विपद् तथा प्रकोपबाट प्रभावितहरूलाई तत्काल उद्धारका लागि RRT (Rapid Response Team) गठन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि रेडक्रस लगायतका अन्य गैर सरकारी संस्थाहरूसँग साझेदारी गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकासः

- सार्वजनिक सेवा प्रवाह प्रविधिमैत्री बनाउँदै सहज प्रभावकारी तथा चुस्त दुरूस्त व्यवस्थापनमा जोड दिइनेछ ।
- कार्यालयबाट सम्पादन हुने जिन्सी, राजश्व तथा योजना लगायतका कार्यहरू अनलाईन मार्फत गरी थप व्यवस्थित गरिनेछ ।
- एकिकृत घुम्ती शिविर सञ्चालन गरी गाउँपालिकाबाट प्रदान हुने सेवाहरू वडा स्तरमै प्रदान गरिने प्रबन्ध मिलाइनेछ ।
- गाउँपालिकाको समग्र वस्तुस्थिति चित्रण हुने गरी डिजिटल प्रोफाइल तथा आवधिक योजना निर्माण कार्य गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ ।
- उपलब्ध स्रोत तथा साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा उत्प्रेरणा तथा प्रोत्साहनको कार्यक्रम अगाडि सारिनेछ ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरू बिच कार्यसम्पादन सम्झौता गरिनेछ । बिषयगत शाखाको मासिक कार्यसम्पादन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिनेछ।
- निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीको वृत्ति तथा क्षमता विकास र सुशासन सम्बन्धी तालिम तथा अवलोकन भ्रमणको प्रबन्ध मिलाइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका बजारमा नियमित अनुगमन गर्नका लागि अनुगमन समितिलाई क्रियाशिल बनाइनेछ ।

- सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहार मार्फत सहज तथा गुणस्तरीय सेवा प्रवाहलाई मूल मन्त्रको रूपमा लिइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्तालाई उत्प्रेरणा तथा प्रोत्साहन गरिनेछ ।
- योगदान आधारित कर्मचारी तथा साबिकको जिल्ला विकास समितिबाट स्थायी नियुक्ति लिएका कर्मचारीको व्ययभार कायम गर्न कोष खडा गरिनेछ ।
- सूचनाको हक पारदर्शिता तथा जवावदेहिता कायम गर्दै जनतालाई सुसूचित गर्न सञ्चार माध्यमसँग समन्वय गरी सार्वजनिक सुनुवाइ गरिनेछ ।
- भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको व्यवस्थापन गर्ने सम्बन्धमा जिल्ला भूमि आयोगसँग समन्वय गरिनेछ ।
- एक वडा एक गौरवको आयोजना छनौट गरी कार्यान्वयन गरिनेछ ।
- वित्तिय सुशासनका हरेक प्रयासहरू अवलम्बन गरी कार्यसम्पादनका आधारमा दण्ड पुरस्कार प्रणाली लागू गरिनेछ।
- सरकारी निजी तथा सहकारी क्षेत्रहरू सँग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यहरू साझेदारी तथा सहलगानीमा सञ्चालन गरिनेछ ।
- सम्झौता भएको एक महिना सम्म पनि कार्य सुरूवात नगर्ने तथा दोस्रो चौमासिकमा कार्यसम्पन्न भई भुक्तानी हुने वडालाई दण्ड तथा पुरस्कार प्रणाली लागू गरिनेछ।
- योजना सञ्चालन गर्दा उपभोक्ता लागत सहभागिता दश प्रतिशत कायम गरिनेछ ।
- रू पाँच लाख सम्मका मेशिनरी सामग्री प्रयोग नहुने योजनामा जनसहभागिताको सट्टा जनश्रमदानको व्यवस्था गरिनेछ ।
- रू पाँच लाख भन्दा माथिका योजनामा अनिवार्य रूपम होर्डिङ बोर्ड राख्नुपर्ने र सो बापतको रकम इस्टिमेटमा व्यवस्था गरिनेछ ।
- दुई लाख रूपैयाँ भन्दा बढी लागत भएका योजनाहरूको मात्र पालिका स्तरीय अनुगमन समितिले आवश्यकता अनुरूप अनुगमन गर्नेछ ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
- करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरू बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।
- गाउँपालिका आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरू पहिचान गरिनेछ।
- वडा कार्यालयहरूसँग राजस्व सङ्कलन सम्बन्धमा सम्झौता गरी सम्झौता बमोजिमको कार्यसम्पादनका आधारमा पुरस्कार तथा दण्ड प्रणाली लागू गरिनेछ ।

- गाउँपालिकाको क्षेत्रमा सञ्चालित खानी  कम्पनीसँग करको क्षेत्र तथा राजस्वको अवस्थाबारे छलफल गरी कानुनको दायरा ल्याइनेछ ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ।
- सम्पत्ति, व्यावसाय तथा घरबहाल करलाई थप व्यवस्थित बनाइनेछ ।
- नगर प्रहरी भर्ना गरी राजस्व व्यवस्थापनमा प्रभावकारित ल्याइनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गर्दै अभिलेख प्रणाली व्यवस्थित गरिनेछ।
- मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र प्रवर्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- न्याय सम्पादनको कार्यलाई थप ब्यवस्थित गर्न मेलमिलापकर्ताहरूलाई क्षमता विकास तथा क्रियाशिल बनाइनेछ।
- रूपन्देही जिल्लासँगको सीमा नाकामा नेपाल प्रहरीको प्रहरी बिट स्थापना गर्न आवश्यक पहल गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

अन्त्यमा, गाउँसभाका सदस्यज्यूहरू सम्पूर्ण अतिथिज्यूहरू कर्मचारी ज्यूहरू विभिन्न संघ संस्था तथा सरोकारवाला सम्पूर्णमा अमूल्य राय सुझाव उपलब्ध गराउनु भई यो नीति तथा कार्यक्रम तयार गर्न सघाउ पुऱ्याउनु भएकोमा सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु ।

साथै यो नीति तथा कार्यक्रमले समग्र रैनादेवी छहरा गाउँपालिकालाई समृद्धि तर्फ डोऱ्याउने विश्वासकासाथ  नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग तथा समन्वयको अपेक्षा समेत व्यक्त गर्दछु ।

धन्यवाद ! नमस्कार !